# NFRJ प्रथम राष्ट्रिय बाल न्याय अभ्यास अदालत प्रतियोगिता, २०८१

NFRJ First National Moot Court Competition on Juvenile Justice, 2024

कार्तिक ३० र मङ्सिर १ गते, २०८१ | 15-16 November 2024

आयोजक: नेपाल फोरम फर रेष्टोरेटिभ जस्टिस | Nepal Forum for Restorative Justice

शैक्षिक साझेदार: नेश्नल ल कलेज | National Law College

---

## मुद्दाको विवरण

**प्र.स.नि. दीक्षा श्रेष्ठको प्रतिवेदन:**

मिति २०८०/०२/०९ गते परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६) ले जन्माएको ९ दिनको नवजात शिशु (छोरा) लाई मारी घर नजिकैको बारीमा खाल्डो बनाई पुरेको अवस्थामा कुकुरले भेट्टाई मिति २०८०/०२/११ गते मृत नवजात शिशुलाई निकाली मुखले च्यापी हिँडिरहेको अवस्थामा गाउँघरका मानिसले देखी प्रहरीमा खबर गरेपछि सोधपुछ र अनुसन्धानका लागि प्रहरी टोली उक्त घटनास्थलमा पुगेको थियो । नवजात शिशुलाई के कसले कसरी हत्या गरेको हो भनी नवजात शिशुको आमा परिवर्तित नाम सिन्धुपाल्चोक (६) लाई प्रहरी कार्यालयमा बोलाई सोध्दा परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (७) सँग ३ ४ वर्ष अगावै चिनजान भएको र प्रेम सम्बन्ध रहेको थियो। सोही क्रममा हाम्रो भेटघाट हुने, घुम्न जाने र शारीरिक सम्बन्ध पनि कहिले काहिँ हुने गरेको थियो। यही क्रममा अन्तिम पटक तिहारको देउसी-भैलो खेल्ने क्रममा म र मेरो साथी राति अबेरसम्म देउसी-भैलो खेली घर फर्किने क्रममा बाटोमा परिवर्तित नाम सिन्धुपाल्चोक (७) सँग बाटोमा भेट हुँदा निज सँगै गई भोलिपल्ट मात्र घर फर्केको थिएँ। मिति २०७९/०८/०१ गते अन्तिम पटक हाम्रो त्यही रात शारीरिक सम्बन्ध भएको थियो। त्यसको २/३ महिना पछि मलाई खाना नरूच्ने वान्ता हुने भएकाले मेरो पेटमा बच्चा बसेको छ भनी मैले पटक पटक ५४ सिन्धुपाल्चोक (७) लाई भन्दा निजले नपत्याई वेवास्ता गरी बसेका थिए। ६ महिना पछि मेरो पेट ठूलो हुँदै गएपछि म र ५४ सिन्धुपाल्चोक (७) मेरो पेटमा रहेको बच्चा फाल्नका लागि मेलम्चीमा स्थित अस्पताल जाँदा डाक्टरले ६ महिना पुगिसक्यो बच्चा फाल्न मिल्दैन भनेपछि परिवर्तित नाम सिन्धुपाल्चोक (७) ले म तिमीसँग बिहे गर्छु, घरमा कुरा गर्छु, नडाराउनु भनेपछि म घर फर्किएँ। तर त्यसपछि निजले मलाई वास्ता नगरेको र फोन पनि गर्दैनथे। मैले फोन गर्दा पनि नलाग्ने र घरमा खोज्न जाँदा पनि उनी १० कक्षाको परीक्षाको तयारी निम्ति

काठमाडौँ गएको भन्ने कुरा थाहा पाएँ। त्यसपछि मैले घरमा नै बसी बच्चा जन्माउने सोचेँ। सोही क्रममा मिति २०८०/०२/०१ गते नवजात शिशु (छोरा) लाई जन्म दिई मेरो घरमा बसेकोमा मेरो गाउँ घरका मानिसहरूले मलाई विना बाउको छोरा जन्मायो भनी घृणा गर्ने गरेकोले मिति २०८०/०२/०९ गते बिहान ४ बजे घरमा आमा र दिदी नभएको बेलामा उठी नवजात छोरालाई लगेर बारीमा सानो खाल्डो बनाई माथिबाट माटो हाली छोपेर आएकी थिएँ। बिहानी पख छोरा खोई भनी सोध्दा हराएको भनेकी थिएँ र मिति २०८०/०२/११ गते बिहान कुकुरले बारीमा बच्चा भेटी मुखमा च्याप्दै आएपछि गाउँघरका मान्छेले चिनी प्रहरी बोलाएका थिए।

वर्ष १५ की परिवर्तित नाम सिन्धुपाल्चोक (६) को जबरजस्ती करणी गरी निजलाई नवजात शिशुको हत्या गर्ने स्थितिमा पुऱ्याउने नाबालक वर्ष १६ का परिवर्तित नाम सिन्धुपाल्चोक (७) लाई जबरजस्ती करणी र कर्तव्य ज्यानको मतियार तर्फ र निज नाबालिका परिवर्तित नाम सिन्धुपाल्चोक (६) लाई कर्तव्य ज्यान तर्फ सजाय गरिपाऊँ भन्ने प्र.स.नि. दीक्षा श्रेष्ठको प्रतिवेदन।

**नामकरण नगरिएको शिशुको शव परीक्षण प्रतिवेदनः**

Opinion on cause of death: Most likely cause is Asphyxia due to burying भन्नेसमेत व्यहोराको नामकरण नगरिएको शिशुको शव परीक्षण प्रतिवेदन।

**परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६)को अनुसन्धान अधिकारी समक्षको बयानः**

परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (७) सँग ३-४ वर्ष अगावै चिनजान भएको र प्रेम सम्बन्ध रहेको थियो। यही क्रममा हाम्रो भेटघाट हुने, घुम्न जाने र शारीरिक सम्बन्ध पनि कहिले काहिँ हुने गरेको थियो। यही क्रममा अन्तिम पटक तिहारको देउसी-भैलो खेल्ने क्रममा म र मेरो साथी राति अबेरसम्म देउसी-भैलो खेली घर फर्किने क्रममा बाटोमा परिवर्तित नाम सिन्धुपाल्चोक (७) सँग बाटोमा भेट हुँदा निज सँगै गई भोलिपल्ट मात्र घर फर्केको थिएँ। मिति २०७९/०८/०१ गते अन्तिम पटक हाम्रो त्यही रात शारीरिक सम्बन्ध भएको थियो। त्यसको २/३ महिना पछि मलाई खाना नरूच्ने वान्ता हुने भएकाले मेरो पेटमा बच्चा बसेको छ भनी मैले पटक पटक ५४ सिन्धुपाल्चोक (७) लाई भन्दा निजले नपत्याई वेवास्ता गरी बसेका थिए। ६ महिना पछि मेरो पेट ठूलो हुँदै गएपछि म र ५४ सिन्धुपाल्चोक (७) मेरो पेटमा रहेको बच्चा फाल्नका लागि मेलम्चीमा स्थित अस्पताल जाँदा डाक्टरले ६ महिना पुगिसक्यो बच्चा फाल्न मिल्दैन भनेपछि परिवर्तित नाम सिन्धुपाल्चोक (७) ले म तिमीसँग बिहे गर्छु, घरमा कुरा गर्छु, नडराउनु भनेपछि म घर फर्किएँ। तर त्यसपछि निजले मलाई वास्ता नगरेको र फोन पनि गर्दैनथे। मैले फोन गर्दा पनि नलाग्ने र घरमा खोज्न जाँदा पनि उनी १० कक्षाको परीक्षाको तयारी निम्ति काठमाडौँ गएको भन्ने कुरा थाहा पाएँ। त्यसपछि मैले घरमा नै बसी बच्चा जन्माउने सोचेँ। सोही क्रममा मिति २०८०/०२/०१ गते नवजात शिशु (छोरा) लाई जन्म दिई मेरो घरमा बसेकोमा मेरो गाउँघरका मानिसहरूले मलाई विना बाउको छोरा जन्मायो भनी घृणा गर्ने गरेकोले मिति २०८०/०२/०९ गते बिहान ४ बजे घरमा आमा र दिदी नभएको बेलामा उठी नवजात छोरालाई लगेर बारीमा सानो खाल्डो बनाई माथिबाट माटो हाली छोपेर आएकी थिए। बिहानीपख छोरा खोइ भनी सोध्दा हराएको भनेको थिएँ र मिति २०८०/०२/११ गते बिहान कुकुरले

बारीमा बच्चा भेटी मुखमा च्याप्दै आएपछि गाउँघरका मान्छेले चिनी प्रहरी बोलाएका थिए। यस घटनामा अरू कसैको संलग्नता छैन र मैले एक्लै आफ्नो बच्चालाई बारीमा छोडेर माटोले छोपेर आएकी हुँ।

**परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (७)को अनुसन्धान अधिकारी समक्षको बयानः**

निज नाबालिका परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (७) को बयान सुनेँ, उनले भनेको सबै व्यहोरा ठिक हो। मैले निजलाई जबरजस्ती करणी गरेको छैन। उनको र मेरो सहमतिमा नै पटक-पटक शारीरिक सम्बन्ध हुने गरेको थियो। अन्तिम पटक मिति २०७९/०८/०१ गते हाम्रो सहमतिमा नै शारीरिक सम्बन्ध भएको हो। निजको गर्भ रहेको थाहा भएपछि बच्चा फाल्न भनी अस्पताल जाँदा बच्चा ६ महिनाको भइसकेको र फाल्न नमिल्ने कुरा डाक्टरले भनेपछि मैले निजसँग विवाह गर्ने सोचेको थिएँ। सोही अनुसार घरमा गई आमा बुवालाई सबै कुरा भन्दा मलाई हप्काई अहिले SEE दिने समयमा यस्तो कुराको पछि नलाग्न भनी पढाईमा ध्यान दिनुपर्छ, तेरो बच्चा हो भनी कसलाई थाहा हुँदैन, काठमाडौँ गएर पढ्दै गर्नू, जाँच दिने बेलामा मात्र घर आउनू भनेकाले मलाई भोलिपल्ट नै फूपू बोलाई काठमाडौँ पठाउनु भयो। त्यसपछि गाउँमा के भयो मलाई थाहा भएन। नवजात शिशुको हत्यामा पनि मेरो कुनै संलग्नता छैन। मलाई सजाय हुनु पर्ने होइन ।

**बुझिएका मानिस निशङ्का भन्नेले गरेको घटना विवरण कागजः**

प्रतिवादी नाबालिका परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६) की आमा बोल्न नसक्ने व्यक्ति हुन्। निजको दिदी र आमा घरमा नभएको बेलामा निज नाबालिका केटाहरूसँग हिँड्ने, गाँजा चुरोट खाने, जोसँग पनि शारीरिक सम्बन्ध राख्ने चरित्र ठिक नभएकी केटी हुन्। उनले विना बाउको बच्चा जन्माई आफ्नै ९ दिनको बच्चालाई खाल्डो बनाई पुरेकोमा कुकुरले भेट्टाई मुखमा च्यापी हिँडिरहेको अवस्थामा मैले नै सबैभन्दा पहिले देखेको हुँ। त्यसपछि मैले तुरून्तै प्रहरीलाई खबर गरी बोलाएको हुँ।

**बुझिएका मानिस विशोभा, विनिश्चित र सतिरमिरिले गरेको एकै मिलानको घटना विवरण कागजः**

प्रतिवादी नाबालिका परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६) की आमा बोल्न नसक्ने व्यक्ति हुन्। निजको दिदी र आमा घरमा नभएको बेलामा निज नाबालिका केटाहरूसँग हिँड्ने, गाँजा चुरोट खाने, जोसँग पनि शारीरिक सम्बन्ध राख्ने चरित्र ठिक नभएकी केटी हुन्। उनले विना बाउको बच्चा जन्माई आफ्नै ९ दिनको बच्चालाई खाल्डो बनाई पुरेकोमा कुकुरले भेट्टाई मुखमा च्यापी हिँडिरहेको अवस्थामा निशङ्काले देखेर प्रहरीलाई बोलाएका रहेछन्। निज नाबालिकालाई कडाभन्दा कडा सजाय हुनुपर्छ।

**अभियोगपत्रः**

कानुनको विवादमा परेको नाबालिका परिवर्तित नाम नाम ५४ सिन्धुपाल्चोक (६) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) अन्तर्गतको **कर्तव्य ज्यान**को कसूरमा निजको उमेर कसूर हुँदाका दिनमा १४ वर्ष ५

महिना १ दिनको भएको देखिदा निजलाई बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३६(३) बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय गरिपाऊँ र कानुनको विवादमा परेको नाबालक परिवर्तित नाम नाम ५४ सिन्धुपाल्चोक (७) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) को को कर्तव्य ज्यानको कसूर हुनेमा **मतियार**को भूमिका रहेको हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ बमोजिम र मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ उपदफा ३ (ग) बमोजिमको **जबरजस्ती करणी**को कसूरमा सजाय हुनेमा निज नाबालकको उमेर कसूर हुँदाका दिन १५ वर्ष १ महिना २ दिन भएको हुँदा बालबालिका सम्बन्धी ऐन २०७४ को दफा ३६ (३) बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय गरिपाऊँ।

**परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६)को सिन्धुपाल्चोक जिल्ला अदालत समक्षको बयानः**

अनुसन्धान अधिकारी समक्षको बयान मेरो नै हो। उक्त सहीछाप पनि मेरै हो। परिवर्तित नाम सिन्धुपाल्चोक (७) सँग फोनमा सम्पर्क हुन छाडेपछि घरमा नै आई बसिरहेकी थिएँ। गाउँ घरका मानिसले मेरो पेट ठूलो हुँदै आएको याद गरी विना बाउको बच्चा जन्माउन लागेकी, कस्को बच्चा हो भन् भन्दै मलाई निकै हेप्ने र गाली गर्ने गर्दथे। म दलित वर्गकी भएकाले बच्चाको बाउ को हो भनिदिएमा परिवर्तित नाम सिन्धुपाल्चोक (७) का बुवा-आमाले मलाई गाली गर्ने, परिवारमा नअपनाउने र गाउँबाट लखेट्ने हुन् कि भन्ने डर लागी कसैलाई केही नभनी बसेँ । ७ महिनाको पेट भएपछि एक्कासि मलाई पेट दुख्यो र आमा र दिदी पनि घरमा नभएको हुँदा छिमेकीले स्वास्थ चौकीमा लगी मलाई छोडिदिए। त्यहाँ मैले बच्चा जन्माई २ दिन सम्म त्यहाँ नै बसेकी थिएँ तर स्वास्थ चौकीमा बस्न मन नलागी घर नै आएँ। घरमा बस्दा पनि रून मात्र मन लाग्ने, एक्लो भएको जस्तो हुने, बच्चा जति बेला पनि रूदाँ मलाई दिक्क लाग्थ्यो र यो बच्चा नभएको भए पनि हुने जस्तो लागिरहन्थ्यो। मनमा नराम्रो सोचमात्र आइरहेको बेलामा मैले मिति २०७९/०२/०९ गते निज बच्चा बारीमा सानो खाल्डो बनाई त्यही राखी माटोले छोपेर आएकी हुँ। यस्तो गरेमा कसूर हुन्छ भन्ने मलाई थाहा थिएन, एक पटकको लागि माफ पाऊँ, अबदेखि यस्तो गर्ने छैन।

**परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (७)को सिन्धुपाल्चोक जिल्ला अदालत समक्षको बयानः**

अनुसन्धान अधिकारी समक्षको बयान मेरो होइन। सबै व्यहोरा झुठ्ठा हो। निज परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६)लाई चिनेको छु। निज र मेरो गाउँमा घर सँगसँगै छ, कहिले काहीँ भेट पनि हुने गरेको थियो तर उनीसँग शारीरिक सम्बन्ध भने कहिले पनि भएको छैन। निजसँग प्रेम सम्बन्ध भएको पनि १-२ महिना मात्र भएको थियो। SEE परीक्षामा राम्रो नतिजा ल्याउनु पर्छ भनी मलाई घरबाट काठमाडौँमा गई ट्युसन पढ्नु पर्छ भनेकाले म तिहार सकिएपछि काठमाडौँमा गई पढिरहेको थिएँ। निज परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६) ले जन्माएको नाबालक शिशु पनि मेरो होइन। उनले कस्को बच्चा जन्माएर मेरो भनेकी हुन् त्यो मलाई थाहा भएन। निजले नाबालकको हत्या गर्नुमा पनि मेरो केही संलग्नता छैन र घटना घटेको बेलामा म गाउँमा पनि थिइन। मैले कुनै पनि कसूर गरेको छैन। मैले सजाय पाउनु पर्ने होइन।

**बुझिएका मानिस निशङ्का भन्नेले सिन्धुपाल्चोक जिल्ला अदालत समक्ष गरेको बकपत्रः**

प्रतिवादी नाबालिका परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६) की आमा बोल्न नसक्ने व्यक्ति हुन् । निजको दिदी र आमा घरमा नभएको बेलामा निज नाबालिका केटाहरूसँग हिँड्ने, गाँजा चुरोट खाने, जोसँग पनि शारीरिक सम्बन्ध राख्ने चरित्र ठिक नभएकी केटी हुन् । उनले विना बाउको बच्चा जन्माई आफ्नै ९ दिनको बच्चालाई खाल्डो बनाई पुरेकोमा कुकुरले भेट्टाई मुखमा च्यापी हिँडिरहेको अवस्थामा मैले नै सबैभन्दा पहिले देखेको हुँ । त्यसपछि मैले तुरून्तै प्रहरीलाई खबर गरी बोलाएको हुँ । निज नाबालिकाले नवजात शिशुको हत्या गरेको आफ्नै आँखाले देखेको भने होइन । निज नाबालिकालाई कडाभन्दा कडा सजाय हुनुपर्छ ।

**बुझिएका मानिस विशोभा, विनिश्चित र सतिरमिरिले सिन्धुपाल्चोक जिल्ला अदालत समक्ष गरेको एकै व्यहोराको बकपत्रः**

प्रतिवादी नाबालिका परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६) की आमा बोल्न नसक्ने व्यक्ति हुन् । निजको दिदी र आमा घरमा नभएको बेलामा निज नाबालिका केटाहरूसँग हिँड्ने, गाँजा चुरोट खाने, जो सँग पनि शारीरिक सम्बन्ध राख्ने चरित्र ठिक नभएकी केटी हुन । उनले विना बाउको बच्चा जन्माई आफ्नै ९ दिनको बच्चालाई खाल्डो बनाई पुरेकोमा कुकुरले भेट्टाई मुखमा च्यापी हिँडिरहेको अवस्थामा निशङ्काले देखेर प्रहरीलाई बोलाएका रहेछन् । यो सबै कुरा सुनेर थाहा पाएको हुँ । निज नाबालिकाले बच्चाको हत्या गरेको आफ्नै आँखाले देखेको भने होइन । निज नाबालिकालाई कडाभन्दा कडा सजाय हुनुपर्छ ।

**परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (७) को साक्षी निजको फूपू सत्यरेखाको सिन्धुपाल्चोक जिल्ला अदालत समक्षको बकपत्रः**

परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (७) असल चालचलन भएका बालक हुन् । उनी घटना भएको दिन काठमाडौंस्थित सामाखुसी मेरो घरमा बसी पढिरहेका थिए । उनी पढ्ने विद्यार्थी भएकाले उनलाई मैले मोबाइल फोन समेत दिएकी छैन । परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६) ले के-कसरी कस्को बच्चा जन्माई मेरो भदाको नाम लिएकी हुन् मलाई थाहा भएन । परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (७) लाई सजाय हुनु पर्ने होइन ।

**सिन्धुपाल्चोक जिल्ला अदालतको फैसलाः**

कानुनको विवादमा परेकी नाबालिका परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६) ले मुलुकी अपराध संहिता २०७४, दफा १७८(१) कसूर गरेको ठहर्छ । कसूर गर्दाको समयमा निजको उमेर १४ वर्ष ४ महिना जन्म दर्ताबाट देखिदा सो कसूरमा दफा १७८(२) ले हुने सजायमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(३) को आधारमा **कैद वर्ष १२ (बाह्र) र महिना ६ (छ) हुने ठहर्छ** । निजबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ रू.२,२००/- (दुई हजार दुई सय रूपैयाँ) पीडित राहत कोषमा जम्मा हुने ठहर्छ ।

त्यसै गरी यस मुद्दाका अर्का प्रतिवादी कानुनको विवादमा परेका बालक परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६) ले यस अदालत समक्ष इनकारी बयान गरेको, घटना हुँदाका बखत उनी काठमाडौँमा भएको पुष्टि भएको र निज नाबालिकाले

जन्माएको बच्चा निज नाबालक ५४ सिन्धुपाल्चोक (७)को हो भनि पुष्टि गर्न नसकेको हुँदा निज कानुनमा परेका नाबालक ५४ सिन्धुपाल्चोक (७) ले यस **मुद्दाबाट सफाई पाउने ठहर्छ।**

**उक्त फैसला उपर चित्त नबुझे बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ८१ बमोजिमा पैँतीस दिनभित्र श्री उच्च अदालत पाटनमा पुनरावेदन गर्नु भनी नाबालिका परिवर्तित नाम ५४ सिन्धुपाल्चोक (६) लाई पुनरावेदन म्याद दिनु, निज नाबालक ५४ सिन्धुपाल्चोक (७) ले यस मुद्दाबाट सफाई पाएको हुँदा उनको हकमा केही गरिरहन परेन र जिल्ला सरकारी वकील कार्यालय, सिन्धुपाल्चोकलाई फैसलाको जानकारी दिनु।**

**पुनरावेदनः**

क) निज नाबालिका ५४ सिन्धुपाल्चोक (६) ले पाएको सजाय उपर चित्त नबुझाई बाल सुधार गृह मार्फत निज नाबालिकाको लागि पुनरावेदन पत्र र बहसनोट पेश गर्नुहोस्। बहसका क्रममा विपक्षीबाट हुने सबै नेपाल सरकारका जिकिरहरूको खण्डन गर्नुहोस्। पुनरावेदनमा न्यायका नयाँ आयामहरूको प्रयोग गर्दै बालबालिकाको सर्वोत्तम हित हुने जिकिर लिनुहोस्। (बाल सुधार गृहबाट म्याद तामेल मितिः २०८१/०४/०१)

ख) नेपाल सरकारले जबरजस्ती करणी र कर्तव्य ज्यानको मतियार तर्फको अभियोग दावी गरेकोमा निज नाबालक ५४ सिन्धुपाल्चोक (७) ले मुद्दाबाट सफाई पाएको नेपाल सरकारलाई चित्त नबुझेको हुँदा नेपाल सरकारको तर्फबाट पुनरावेदन गर्नुहोस्। उच्च अदालत पाटनमा पुनरावेदन पत्रसहित बहसनोट पेश गर्नु होस्। बहसका क्रममा विपक्षीबाट आउने सबै जिकिरहरूको पनि खण्डन गर्नुहोस्। नेपाल सरकारले निज नाबालिका ५४ सिन्धुपाल्चोक (६) को हकमा पनि बहसका क्रममा विपक्षीको जिकिर खण्डन गर्नुपर्ने छ। (फैसला प्राप्त गरेको मितिः २०८१/०४/१०)

खण्डनका लागि दोस्रो पक्षले पेश गरेको पुनरावेदन पत्र प्रतियोगिहरूलाई एक दिन पहिले ईमेल मार्फत पठाइनेछ।